# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, कात्तिक २८ गते २०४६ साल (संख्या ३०

## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल इञ्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उप-नियम (६) ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची २ को क्रमसंख्या ७ मा उल्लेखित आवश्यक न्यूनतम शैक्षिक योग्यतामा "वा सो सरह" भन्ने शब्दहरूको अगाडि "वा एम्. एस्सी. (पेट्रोलियम टेक्नोलजी एण्ड मेनेजमेण्ट सिष्टम)" भन्ने शब्दहरू थपेको छ।

आज्ञाले,
भुवनेश्वर खत्री
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## स्वास्थ्य मन्त्रालयको
## सूचना १

नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही नियमावलीको अनुसूची १ को क्रमसंख्या २४ पछि देहायबमोजिमको क्रमसंख्या २५ थप गरेको छ।

"२५. जनरलिष्ट"

## सूचना २

नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उपनियम (६) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही नियमावलीको अनुसूची २ को क्रमसंख्या २४ पछि देहायबमोजिम क्रमसंख्या २५ थप गरेको छ।

| क्र.सं. | समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| २५. | जनरलिष्ट | एम.बी.बी.एस. वा सो सरह पछि पोष्ट ग्राजुयट डिप्लोमा इन जनरल प्राक्टिस वा सो सरह |

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

392